जि.प्र.का.द.नं.: २९९/६६

# धरान सरोकार समाज
# DHARAN SAROKAR SAMAJ

अनामनगर, काठमाण्डौं
E-mail : dharansarokar@gmail.com, facebook : dharansarokarsamaj

अध्यक्ष
प्रभुप्रसाद श्रेष्ठ

उपाध्यक्ष
रमेश खनाल
सुरेशप्रसाद आचार्य

महासचिव
सरोज खनाल

कोषाध्यक्ष
विजया राई (श्रेष्ठ)

सदस्यहरु
दीप श्रेष्ठ
नरेश पुरी
प्रेम सुब्बा
राजुकाजी शाक्य
राजेन्द्र अग्रवाल
राजेन्द्र रिमाल
सम्राट श्रेष्ठ
दिपक बनेपाली
सीता पाठक न्यौपाने
नारायण कार्की
जीत राई
हरिसुन्दर श्रेष्ठ
सौरभ श्रेष्ठ
द्वारिकानाथ श्रेष्ठ
सिता बस्नेत श्रेष्ठ

ज्ञापन-पत्र

श्री सम्माननीय प्रधानमन्त्रीज्यू,

एवम् कुलपति बिपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।

विषय : प्रतिष्ठानका बेथितिको पूर्ण अन्त गर्ने बारे ।

सम्माननीयज्यू,

२८ बर्ष अघि दक्षिण एशियाकै एक उत्कृष्ट चिकित्सा शैक्षिक केन्द्र हुने उद्देश्य लिएर यस बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा स्थापना भएको थियो । तर यस गरिमामय प्रतिष्ठानको स्थापना कालको सोच र लक्ष्य अहिले विल्कुलै गायब भएको छ । यति ठूलो पूर्वाधारसहित स्थापना भएको यस प्रतिष्ठानमा अस्पतालको सेवाको गुणस्तर खस्कँदै गएको, शैक्षिक स्तरमा ह्रास आएको र उल्टो भ्रष्टाचारको दलदलमा फस्दै गएको गुनासाहरु बढ्दै गएकोले प्रतिष्ठान दिनानुदिन बदनाम हुँदै गएको छ । धरान समेतको बदनाम हुनेगरी यस प्रतिष्ठानले आफ्नो प्रतिष्ठा गुमाउनुले हामी सबैलाई दुःखी एवम सचेत नागरिक हैसियतले जागरुक बनाएको छ । अतएव यसको आमूल सुधारका लागि कुनैपनि मूल्य चुकाउन तयार भई हामी शान्तिपूर्ण संघर्षमा ओर्लिएका छौं । धरान, प्रदेश १ र यो देशको सचेत नागरिक भएकोले यो हाम्रो कर्तव्यपनि भएको हामीले बोध गरेका छौं ।

हालै धरान सरोकार समाजले स्थलगत रुपमा धरानमा सबै सरोकारवालाहरुसँग भेटघाट र छलफल सम्पन्न गर्यो । त्यसैगरी प्रतिष्ठानको बेथितिको अन्तका लागि प्रतिष्ठानका पदाधिकारीहरु र सबै सरोकारवालालाई आमन्त्रण गरेर मिति २०७८ असार १२ गते साढे चार घण्टा लामो जुम छलफल आयोजना गर्यो । ती स्थलगत भेटघाट र छलफलका निचोडका आधारमा देहायका मागतर्फ सम्माननीयज्यूको अबिलम्ब ध्यानाकर्षण हुन सादर अनुरोध गर्दछौं ।

१ पछिल्ला केही समयदेखि भएका पदाधिकारी नियुक्तिमा आर्थिक लेनदेन भएको हामीले सुनेका छौं । पदाधिकारी नियुक्तिमा अपनाईने 'भ्रष्टाचारको संस्कृति' (Culture of Corruption) जरैबाट उखेलेर प्रतिष्ठानभित्र शुद्धिकरणको थालनी नियुक्तिको

# धरान सरोकार समाज

# DHARAN SAROKAR SAMAJ

अनामनगर, काठमाण्डौ

E-mail : dharansarokar@gmail.com, facebook : dharansarokarsamaj



**अध्यक्ष**

प्रभुप्रसाद श्रेष्ठ

**उपाध्यक्ष**

रमेश खनाल

[illegible]ापप्रसाद आचार्य

**महासचिव**

सरोज खनाल

**कोषाध्यक्ष**

विजया राई (श्रेष्ठ)

**सदस्यहरु**

दीप श्रेष्ठ

नरेश पुरी

प्रेम सुब्बा

राजुकाजी शाक्य

राजेन्द्र अग्रवाल

राजेन्द्र रिमाल

सम्राट श्रेष्ठ

दिपक बनेपाली

सीता पाठक न्यौपाने

नारायण कार्की

जीत राई

हरिसुन्दर श्रेष्ठ

सौरभ श्रेष्ठ

द्वारिकानाथ श्रेष्ठ

सिता बस्नेत श्रेष्ठ


बिन्दुबाट थालिनु पर्छ । यसका लागि 'हाम्रो' भन्ने मापदण्डलाई त्यागेर उदाहरणीय सदाचारिता भएका र वरिष्ठताका आधारमा आदर योग्य प्राज्ञिक व्यक्तिलाई भिसी लगायतका पदाधिकारीमा नियुक्ति गर्ने संस्कृति बसाल्न हाम्रो जोडदार माग छ ।

२ लेनदेनका आधारमा पदाधिकारी नियुक्ति गरेपछि जे रोप्यो फल्ने त्यही हो । अर्थात त्यहाँ भ्रष्टाचार र आर्थिक अनियमितताको सिलसिला झ्याङ्गिने हो । अहिलेको प्रतिष्ठानको अवस्था त्यसैको परिणाम हो भन्ने कुरा घामझैं छर्लङ्ग छ । कतिपय यस्ता विषयहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरिसकेको र कतिपय उपर छानविन भईरहेको पनि छ । यद्दपी अन्य विषयहरु अनुसन्धानको दायरामा आउन र ल्याउन बाँकी नै छ । भएका आर्थिक अपराधको छानविन गरी कानूनको कठघरामा दोषीहरुलाई उभ्याउनु पर्छ र अब आईन्दा आर्थिक अपराध नगर्ने वातावरण निर्माण गरिनु पर्छ । यसका लागि तत्कालै नेपाल सरकारले एक उच्चस्तरीय छानविन समिती गठन गरी यथाशिघ्र दोषीउपर कानूनबमोजिम कारवाही थालोस् ।

३ विगतमा भारत सरकारको सहयोग कायम छउन्जेल आर्थिक साधन श्रोतको अभाव थिएन । तत्पश्चात नेपाल सरकारबाट यथेष्ट बजेट अनुदान उपलब्ध गराईएको छैन । प्रतिष्ठानले धरानको मात्र हैन, प्रदेश १ र २ लगायत नेपालको ठूलो समुदायलाइ स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । प्रतिष्ठानको वर्तमान क्षमता मागबमोजिमको चिकित्सा सेवा, अध्यापन र अनुसन्धान कार्य सम्पादन बिल्कुल अपुग भईसकेको छ । वर्तमान र भविष्यको माग धान्ने गरी क्षमता विस्तार गर्नका लागि प्रतिष्ठानलाई चालू र पूंजीगत दुवैतर्फ पर्याप्त बजेट र अनुदान नेपाल सरकारले दिनु पर्छ ।

४ विगत केही समयदेखि प्रतिष्ठानको कार्यसंचालनमा अति राजनीति र आर्थिक भ्रष्टाचार व्याप्त छ । पदाधिकारी र कर्मचारी नियुक्ति गरिँदा नाङ्गो रुपमा भर्ती केन्द्र बनाउने प्रवृत्ति बढेर गएको छ । यसले पेशेवर स्वास्थ्यकर्मी, विद्यार्थी, कर्मचारी र आम नागरिक सबैको शिर निहुरिएको अवस्था छ । यस पृष्ठभूमीमा प्रतिष्ठानको शैक्षिक, प्रशासनिक, आर्थिक दक्षता बढाउन र कार्यसंचालनमा सुशासन अभिवृद्धि गर्न यसलाई आवश्यक पर्ने नीति, नियम, कार्यविधि बनाउनु पर्ने र अद्यावधिक गर्नु पर्ने भएको छ । त्यसको सदुपयोग विना भेदभाव र विना मोलाहिजा गरेर मात्र शैक्षिक, प्रशासनिक र आर्थिक निर्णयहरु पारदर्शी र जवाफदेहीपूर्ण हुन सक्छ । यसतर्फ प्रतिष्ठान व्यवस्थापन अबिलम्ब लाग्न हामी गंभीर ध्यानाकर्षण गर्दछौं ।

जि.प्र.का.द.नं.: २९९/६६

# धरान सरोकार समाज

# DHARAN SAROKAR SAMAJ


अनामनगर, काठमाण्डौं

E-mail : dharansarokar@gmail.com, facebook : dharansarokarsamaj



**अध्यक्ष**
प्रभुप्रसाद श्रेष्ठ

**उपाध्यक्ष**
रमेश खनाल
सुरेशप्रसाद आचार्य

**महासचिव**
सरोज खनाल

**कोषाध्यक्ष**
विजया राई (श्रेष्ठ)

**सदस्यहरु**
दीप श्रेष्ठ
नरेश पुरी
प्रेम सुब्बा
राजुकाजी शाक्य
राजेन्द्र अग्रवाल
राजेन्द्र रिमाल
सम्राट श्रेष्ठ
दिपक बनेपाली
सीता पाठक न्यौपाने
नारायण कार्की
जीत राई
हरिसुन्दर श्रेष्ठ
सौरभ श्रेष्ठ
द्वारिकानाथ श्रेष्ठ
सिता बस्नेत श्रेष्ठ


५ प्रतिष्ठानको बेथितिबाट आजित भएर धरानका विभिन्न क्षेत्रका प्रबुद्ध नागरिक समाजहरुको दबाब संजालले अघि सारेका मुद्धाहरुप्रति हामी ऐक्यबद्धता जाहेर गर्दछौं । प्रतिष्ठानको सुधारका लागि दबाब संजालले अघि सारेको रोडम्याप (Roadmap) को अक्षरसः अबिलम्ब पालना गरियोस् ।

६ मिती २०७८ असार १२ गते हामीले आयोजना गरेको जुम प्रविधिमा आधारित छलफलबाट वर्तमान उपकुलपति डा. ज्ञानेन्द्र गिरी आफू काठमाण्डौंमा रहेको बहाना देखाएर पन्छिनु भयो । प्रतिष्ठानका बेथितिहरुको अन्त गर्ने र सुधार गर्ने न्यायपूर्ण मागहरुको सम्बोधन गर्नुको साटो छलफल र संवादबाट भाग्ने वर्तमान उपकुलपति डा. ज्ञानेन्द्र गिरीको गैरजिम्मेवार प्रवृत्तिको हामी खेद प्रकट गर्दछौं ।

७ यदि माथि प्रस्तुत मागहरु सम्बोधन नभएमा हामी धरान, प्रदेश १ को राजधानी बिराटनगर र संघीय राजधानी काठमाण्डौंमा आन्दोलनका कार्यक्रम संचालन गर्न बाध्य हुनेछौं ।

प्रतिष्ठानको बेथिति सुधार गर्न सहयोग गर्नु हुने धरान उपमहानगरपालिकास्थित सबै राजनीतिक दल, बुद्धिजिवी, सचांरकर्मी, प्रबुद्ध नागरिक समाज, प्रतिष्ठानका चिकित्साकर्मी, स्वास्थ्यकर्मी र अन्य कर्मचारी साथै सबै सरोकारवालाहरुप्रति धरान सरोकार समाज उच्च सम्मानसहित हार्दिक आभार प्रकट गर्दछ ।

२०७८ असार १५ गते

**बोधार्थ र कार्यार्थः**

- माननीय मुख्यमन्त्री, प्रदेश १ सरकार, बिराटनगर ।
- माननीय स्वास्थ्य मन्त्री, नेपाल सरकार, काठमाण्डौं तथा प्रतिष्ठानका सहकुलपती ।
- माननीय सामाजिक विकास मन्त्री, प्रदेश १ सरकार, बिराटनगर ।
- श्रीमान् स्वास्थ्य सचिव, नेपाल सरकार, काठमाण्डौं ।
- श्रीमान् मेयर, धरान उपमहानगरपालिका ।
- श्रीमान् उपकुलपती, बिपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।

(प्रभुप्रसाद श्रेष्ठ)

अध्यक्ष